# आकाशवाणी समाचार- नेपाली

मितिः १८ नोभेम्बर २०२५

समयः ०७.२५ - ०७: ३५ बजे (*अवधिः १० मिनट*)

## मुख्य समाचार

**१.**प्रधान मन्त्री नरेन्द्र मोदीले भारत विकसित र आत्मनिर्भर बन्ने दिशामा अघि बढिरहेको बताउनुभएको छ।

२.भारतीय जनता पार्टीको नव-निर्वाचित विधायकहरुको बैठक आज पटनामा हुनेछ ।

३.निर्वाचन आयोगले असममा मतदाता सूचिहरुको विशेष संशोधनको आदेश दिएको छ।

४.राष्ट्रीय अन्वेषण अभिकरण- एनआईए ले दिल्लीको लाल किल्ला नजिकै कार विस्फोट मामिलामा संलग्न आतंकवादीका अर्का प्रमुख सहयोगीलाई पक्राउ गरेको छ।

५. बंगलादेशकी पूर्व प्रधानमन्त्री शेख हसिनालाई मृत्युदण्डको सजाय सुनाएपछि भारतका कैयौँ पूर्व राजदूतहरूले त्यसको आलोचना गरेका छन्।

६. जापानको तोक्योमा आयोजित बधिर ओलंपिक प्रतियोगितामा भारत की अनुया प्रसादले महिलाहरुको 10 मीटर एयर पिस्टल स्पर्धामा विश्व रिकॉर्ड बनाउदै स्वर्ण पदक जीतेकी छन् |

## प्रधानमंत्री-गोयनका व्याख्यान

प्रधान मन्त्री नरेन्द्र मोदीले भारत विकसित र आत्मनिर्भर बन्ने दिशामा अघि बढिरहेको बताउनुभएको छ। हिजो नयाँ दिल्लीमा छैटौं रामनाथ गोयन्का व्याख्यानलाई सम्बोधन गर्नुहुदै श्री मोदीले भन्नुभयो, जब विश्व अवरोधहरूबाट त्रसित छ, भारत उज्ज्वल भविष्यतर्फ आत्मविश्वासका साथ अघि बढिरहेको छ। प्रधान मन्त्रीले भन्नुभयो, भारत एउटा उदीयमान बजार मात्र होइन तर एउटा उदाउँदो मोडेल पनि हो। उहाँले भन्नुभयो, आज विश्वले भारतको विकास मोडेललाई आशाको मोडेलको रूपमा हेरेको छ । सन् २०२२ को युरोपेली संकटले विश्वव्यापी आपूर्ति शृंखला र ऊर्जा बजारलाई असर गरेको र पूरै विश्वलाई प्रभावित गरेको छ । यसका बाबजुद पनि भारतको आर्थिक वृद्धि निरन्तर जारी छ । उहाँले भन्नु भयो, 'सन् २०२३ मा जब पश्चिम एसियाको अवस्था बिग्रिएको थियो, भारतको विकास दर बलियो थियो र यो वर्ष पनि विश्वव्यापी अस्थिरताका बाबजुद भारतको विकास दर ७ प्रतिशतको छेउछाउमा रहेको छ ।

बिहार विधानसभा हालैको चुनावको परिणामलाई ऐतिहासिक बताउँनुहुदै प्रधान मन्त्रीले भन्नुभयो, राज्यमा सन् १९५१ पछि सबैभन्दा बढी मतदान भएको छ र यसमा पुरुषहरूको तुलनामा महिलाहरूको सहभागिता लगभग ९ प्रतिशत बढी छ। उहाँले भन्नुभयो , यो लोकतन्त्रको पनि जित हो । प्रधान मन्त्रीले भन्नुभयो, बिहारको परिणामले फेरि एकपटक जनताको आकांक्षा देखाएको छ। आफ्ना आकांक्षा पूरा गर्न इमान्दारीपूर्वक काम गर्ने र विकासलाई प्राथमिकता दिने राजनीतिक दलहरूमा आज जनताले विश्वास गरेको उहाँको भन्नुभयो |

**BYTE**

प्रधानमंत्रीले प्रत्येक राज्य सरकारलाई बिहारको परिणामहरूबाट सिक्ने आग्रह गर्दै भन्नुभयो कि आज जुन प्रकारको शासन दिइरहेको छ त्यसले आगामी वर्षहरुमा राजनीतिक दलहरुको भविष्य तय गर्नेछ ।

प्रधान मन्त्रीले भन्नुभयो, बिहारका जनताले लालुप्रसादको नेतृत्वमा आरजेडीलाई १५ वर्ष दिएका थिए र उनीहरूले बिहारको विकासका लागि धेरै गर्न सक्थे, तर उनीहरूले अराजकताको बाटो रोजे। श्री मोदीले जोड दिनुभयो कि चाहे केन्द्र सरकार होस् वा विभिन्न दलहरूको नेतृत्वमा राज्य सरकारहरू, सर्वोच्च प्राथमिकता विकास र विकास मात्र हुनुपर्छ। श्री मोदीले सबै राज्य

सरकारहरूलाई लगानीको राम्रो वातावरण सिर्जना गर्न, व्यापार गर्न सजिलो बनाउन र विकासको मापदण्डहरूलाई अगाडि बढाउन प्रतिस्पर्धा गर्न आह्वान गर्नुभयो। यस्तो प्रयासले जनताको विश्वास जित्ने उहाँले भन्नु भयो ।
प्रधानमन्त्रीले राष्ट्रिय विकासका लागि सबैलाई हित गर्न आवश्यक रहेको बताउनुभयो । श्री मोदीले आज देशले सामाजिक न्यायलाई वास्तविकतामा परिणत भइरहेको देखेकोमा सन्तुष्टि व्यक्त गर्नुभयो। उहाँले सामाजिक न्याय वास्तवमा के हो भनेर व्याख्या गर्नुभयो । बाह्र करोड शौचालयहरूको निर्माणको उल्लेख गर्नुहुदै प्रधान मन्त्रीले भन्नुभयो, यसले खुल्लामा शौच गर्न बाध्य भएकाहरूको सम्मानमा वृद्धि गरेको छ। उहाँले भन्नुभयो कि ५७ करोड जनधन बैंक खाताहरूले ती व्यक्तिहरूलाई लाभान्वित गरेका छन् जसलाई अघिल्लो सरकारहरूले वित्तीय गतिविधिहरूमा संलग्न हुन बैंक खाता खोल्न योग्य ठानेका थिएनन्। उहाँले भन्नुभयो कि चार करोड पक्का घरहरूले गरिबहरूलाई नयाँ सपना देख्ने शक्ति दिएका छन् र उनीहरूको जोखिम क्षमता बढेको छ। विगत 11 वर्षमा सामाजिक सुरक्षाका लागि गरिएका कार्यहरूको उल्लेख गर्नुहुदै प्रधान मन्त्रीले भन्नुभयो, एक दशक पहिले केवल 25 करोडको तुलनामा आज लगभग 94 करोड भारतीयहरू सामाजिक सुरक्षाको दायरामा छन्।

**बिहार - सरकार गठन**

बिहारमा भारतीय जनता पार्टीको नव-निर्वाचित विधायकहरुको आज पटनामा बैठक हुनेछ। हालैको विधानसभा चुनावमा भारतीय जनता पार्टीलाई 89 सीटहरु प्राप्त भएको छ। बिहारका भाजपा अध्यक्ष दिलीप जायसवालले भन्नुभयो कि पार्टी पर्यवेक्षक पनि बैठकमा शामेल हुनेछन्। जनता दल (यूनाइटेड) विधायक दलको बैठक भोलीहुने संभावना रहेको छ। बैठकमा पार्टीको नेताको चुनाव गरिनेछ।नवनिर्वाचित विधायकहरूको बैठक हिज बस्ने तय भए पनि कुनै कारण नखुलाई स्थगित गरिएको थियो। जनता दल (यूनाइटेड) विधायक दलको बैठक पुन: निर्धारित भएपछि यो सम्भावना छ कि एन.डी.ए. विधानमण्डल दलको आज हुन् गइरहेको बैठक पनि स्थगित हुन् सकिने छ। एन.डी.ए.को प्रत्येक घटक दल आफ्नो नेताको चुनाव गर्नका लागि बैठक गर्नेछ , जसपछि एनडीए विधायक दलको संयुक्त बैठक हुनेछ। नयाँ मंत्रिमंडलको शपथ ग्रहण समारोह विहिवार पटनाको गांधी मैदानमा हुनेछ।यस कार्यक्रममा प्रधानमंत्री नरेंद्र मोदी सहित एनडीएका कयौ वरिष्ठ नेता र मंत्री शामेल हुनेछन्। राष्ट्रीय जनता दलको नवनिर्वाचित विधायकहरुको हिज पटनामा बैठक भएको थियो , जसमा तेजस्वी प्रसाद यादव विधायक दलका नेता चुनिए।

**निर्वाचन आयोग** –

निर्वाचन आयोगले असममा मतदाता सूचिहरुको विशेष संशोधनको आदेश दिएको छ। यसका लागि योग्यता मिति जनवरी १, २०२६ घोषणा गरिएको छ। असमका मुख्य निर्वाचन अधिकृतलाई लेखेको पत्रमा आयोगले एकीकृत मस्यौदा मतदाता नामावली प्रकाशनको मिति आगामी महिनाको २७ तारिख राखिएको छ। दावा र आपत्ति दायर गर्ने अवधि डिसेम्बर 27 देखि जनवरी 22, 2026 सम्म राखिएको छ। मतदाता नामावलीको अन्तिम प्रकाशनको मिति २०२६ सालको 10 तारिख फेब्रुअरीसम्म हुनेछ। आयोगले भनेको छ, 'प्रत्येक विधानसभा निर्वाचन क्षेत्रका निर्वाचन दर्ता अधिकृतले कुनै पनि योग्य नागरिक नछुटेको र मतदाता नामावलीमा कुनै पनि अयोग्य व्यक्ति समावेश नगरिएको सुनिश्चित गर्नुपर्नेछ।

**एनआईए-दिल्ली विस्फोट**

राष्ट्रीय अन्वेषण अभिकरण- एनआईए ले दिल्लीको लाल किल्ला नजिकै कार विस्फोट मामिलामा संलग्न आतंकवादीका अर्का प्रमुख सहयोगीलाई पक्राउ गरेको छ। कश्मीरका बासिन्दा जसीर बिलाल वानीलाई श्रीनगरबाट पक्राउ गरिएको हो। एजेन्सीका अनुसार वानीले आतंकवादी हमला गर्नका लागि प्राविधिक सहयोग प्रदान गरेको आरोप लगाइएको छ। आक्रमणमा १० जनाको मृत्यु भएको थियो भने २५ जना घाइते भएका थिए। वानीले विस्फोट हुनुअघि ड्रोनमा परिवर्तन गरेर रकेट बनाउने प्रयास गरेको खुलासा गरेको छ। वानी आक्रमणका मुख्य योजनाकारमध्येका एक हुन् र उनले आतंकवादी उमर नबीसँग मिलेर आक्रमणको योजना बनाएका थिए। एजेन्सीले विस्फोटको पछाडि षड्यन्त्र पत्ता लगाउन विभिन्न पक्षहरूको अनुसन्धान गरिरहेको छ। आतङ्कवाद विरोधी एजेन्सीका धेरै टोलीहरूले सुराग खोजिरहेका छन् र आतंकवादी हमलामा संलग्न सबैलाई पहिचान गर्न विभिन्न राज्यहरूमा खोजी अभियान चलाइरहेका छन्।

**जितेंद्र- ईएसएससी**

केंद्रीय मंत्री डॉ. जितेंद्र सिंहले हिज नयां दिल्लीमा पृथ्वी प्रणाली विज्ञान परिषद (ईएसएससी) को पहिलो आम सभाको अध्यक्षता गर्नुभयो। बैठकको अवधि पृथ्वी विज्ञान मंत्रालयका पाँच संस्थानहरुलाई एक समन्वित ढाँचामा विलय गराएर एकै मंचमा ल्याएको छ। डॉ. सिंहले वैज्ञानिक कार्यहरुको प्रासंगिकता बढ़ाउनका लागि यी संस्थानहरुको एकीकृत प्रशासन र अधिक व्यापक जन-पहुँचको आह्वान गर्नुभयो। ईएसएससीको सुव्यवस्थित कामकाजको उद्देश्य वैज्ञानिक अनुसंधानको समन्वयमा एक केंद्रीय भूमिका निभाउनु हो , जो पर्यावरण निगरानी, जलवायु लचीलापन र सतत विकासको लागि आवश्यक छ।

**एनएमसीजी-समिति बैठक**

राष्ट्रीय स्वच्छ गंगा मिशन -एनएमसीजीको 67औ कार्यकारी समितिको बैठकमा गंगा बेसिनमा नदिहरुको वैज्ञानिक प्रबंधन र प्रदूषण निवारणलाई बलियोगर्नका लागि प्रमुख अनुसंधान परियोजनाहरुलाई मंजूरी दिइएको छ। मिशनका महानिदेशक राजीव कुमार मित्तलले हिज नयाँ दिल्लीमा आयोजित यस बैठकको अध्यक्षता गर्नुभयो। यसको उद्देश्य विज्ञान, कृत्रिम बुद्धिमत्ता -एआई उपकरणहरु र वास्तविक समय जल विज्ञान मॉडलिंग को दीर्घकालिक नदी बेसिन प्रबंधनमा एकीकृत गर्ने रणनीतिमा प्रगतिलाई चिह्नित गर्नु थियो। समितिले प्रमुख पहलहरुको समीक्षा गरे जसमा हिमालयी गंगाको मुख्य धाराहरुमा ग्लेशियरको निगरानी, गंगाको लागि दोहरो डिजिटल विकास, सोनोर तकनीकको माध्यमबाट शुष्क जलधाराहरुको सर्वेक्षण र ऐतिहासिक नदी डेटाबेसको निर्माण शामेल छन्।

**पूर्व भारतीय राजदूत - हसीना फैसला**

बंगलादेशकी पूर्व प्रधानमन्त्री शेख हसिनालाई मृत्युदण्डको सजाय सुनाएपछि भारतका कैयौँ पूर्व राजदूतहरूले त्यसको आलोचना गरेका छन्। सन् २००३ देखि २००६ सम्म बंगलादेशका लागि भारतीय उच्चायुक्त रहेकी वीणा सिकरीले सन् १९७१ को मुक्ति युद्धमा युद्ध अपराध गर्नेहरूलाई मुद्दा चलाउनका लागि मात्र स्थापना गरिएको अवस्थामा बंगलादेशको अन्तर्राष्ट्रिय अपराध न्यायाधिकरण (आईसीटी) को वैधानिकता के हो भनेर प्रश्न गरेकी छन् ।उहाँले यो कंगारु अदालतबाहेक अरू केही नभएको आरोप लगाएकी छन् । यसअघि हिज आईसीटीले शेख हसिनालाई गत वर्ष विद्यार्थीहरूको नेतृत्वमा भएको विरोध प्रदर्शनमा उहाँको सरकारको दमनको लागि अनुपस्थितिमा मृत्युदण्डको सजाय सुनाएको थियो र यसलाई मानवता विरुद्धको अपराध भनेको थियो।

**बधिर ओलंपिक**

जापानको तोक्योमा आयोजित बधिर ओलंपिक प्रतियोगितामा भारत की अनुया प्रसादले महिलाहरुको 10 मीटर एयर पिस्टल स्पर्धामा विश्व रिकॉर्ड बनाउदै स्वर्ण पदक जीतेकी छन्। भने , प्रांजलि धूमलले रजत पदक आफ्नो नाम दर्ता गरेकी छन्। पुरुषहरुको 10 मीटर एयर पिस्टल स्पर्धामा अभिनव देशवालले लगभग दुई सय 36 अंकको साथ रजत पदक प्राप्त गरेका छन्।

**विश्व कप-निशानेबाजी**

मिस्रको राजधानी काहिरामा आई.एस.एस.एफ. राइफल / पिस्टल विश्व चैम्पियनशिपमा भारतका ओलिम्पयन गुरप्रीत सिंहले पुरुषहरुको 25 मीटर सेंटर पिस्टल फायर स्पर्धामा रजत पदक जीतेका छन्। उनले यूक्रेनका पावलो कोरोस्टिलोव विरुद्ध हारको सामना गर्नुपर्यो। विश्व चैम्पियनशिपमा गुरप्रीत सिंहको यो दोस्रो व्यक्तिगत पदक हो।

तीन स्वर्ण, छह रजत र चार कांस्य पदकहरुको साथ् भारत कुल 13 पदकहरु लिएर विश्व चैम्पियनशिप अभियानमा तेस्रो स्थानमा रहेको छ। चीन प्रथम अनि कोरिया दोस्रो स्थान रहेको छ।

****** ० ******